का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० चैत २०८०,
मंगलबार
2 April 2024,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २२, अंक ४९ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com



# फेरि सक्रिय हुँदै समाजवादी मोर्चा

नेकपा एमाले समाहित हुने अनिश्चितताका बीच नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, नेकपा एकीकृत समाजवादी र नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सम्मिलित चार दलीय समाजवादी मोर्चाले स्थगित भएका पूर्वनिर्धारित कार्यक्रमहरु अघि बढाउन थालेको हो ।



सत्ता समीकरण फेरिँदैमा समाजवादी मोर्चा रोकिँदैन। एमालेसँग सत्ता सहकार्य भइरहेकाले मोर्चामा नआए पनि आपसी असमझदारी रहँदैन ।

**पम्फा भुसाल**
**उपाध्यक्ष, नेकपा माओवादी केन्द्र**

**शिव विक/मध्यान्ह**
काठमाडौं, १९ चैत ।

समाजवादी मोर्चा फेरि सक्रिय भएको छ । नेकपा एमाले समाहित हुने अनिश्चितताकाबीच नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, नेकपा एकीकृत समाजवादी र नेपाल कम्युनिस्ट पार्टी (नेकपा) सम्मिलित चार दलीय समाजवादी मोर्चाले स्थगित भएका पूर्वनिर्धारित कार्यक्रमहरु अघि बढाउन थालेको हो।

मंगलबार समाजवादी मोर्चाले काठमाडौंस्थित राष्ट्रिय सभागृहमा बृहत अन्तरक्रिया कार्यक्रम राखेको छ। यसअघि चैत ३ गते गर्ने तय भएर स्थगित भएको अन्तरक्रिया गत फागुन २१ गते सत्ता समीकरण बदलिएपछि स्थगित भएको थियो ।

सत्ता समीकरणमा एमाले जोडिएपछि मोर्चाले एमालेलाई जोडिन आग्रह गरेको थियो । तर, एमालेले ठोस जवाफ नदिएपछि पूर्वनिर्धारित कार्यक्रम अनुसार मोर्चा सक्रिय हुन लागेको हो ।

एमाले समाहित हुने अनिश्चितताकाबीच चार दलीय समाजवादी मोर्चाले स्थगित भएका पूर्वनिर्धारित कार्यक्रमहरु अघि बढाउन थालेको हो ।

नेकपा माओवादी केन्द्रकी उपाध्यक्ष पम्फा भुसाल समाजवादी मोर्चामा सत्तारुढ एमाले नआए पनि मोर्चा कायम रहने बताउँछिन् । वामपन्थी दल र समाजवादी हुनुको नाताले समाजवादी मोर्चामा एमाले पनि आउनु राम्रो हुने उनको आग्रह छ। समाजवादी मोर्चा विगतमै बनेको उल्लेख गर्दै उनी सत्ता समीकरण फेरिँदैमा नरोकिने बताउँछिन । एमालेसँग सत्ता सहकार्य भइरहेकाले एमाले मोर्चामा नआए पनि आपसी असमझदारी हुन नहुने उनको धारणा छ ।

उनी भन्छिन्, 'सत्ता समीकरण फेरिँदैमा समाजवादी मोर्चा रोकिँदैन् । एमालेसँग सत्ता सहकार्य भइरहेकाले मोर्चामा नआए पनि आपसी असमझदारी रहँदैन् ।'

उपाध्यक्ष भुसाल समाजवादी मोर्चामा आबद्ध पार्टीहरुका बिचमा नीति, कार्यक्रमहरुमा सहमति बन्दै गएमा एकताको तहसम्म पुग्ने विश्वास गर्छिन । हाल मोर्चाले समाजवादको आधार तयार पार्ने पृष्ठ २ मा

## शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं

- खुल्ला स्थानमा दिसापिसाब नगरौं।
- शौचालयमा मात्र दिसापिसाब गरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।

जीवाणुलगायतको संक्रमणबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## उपनिर्वाचनलाई प्रतिष्ठा बनाउँदै दलहरु
# कांग्रेसमा उम्मेदवारबारे अझै अलमल

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ चैत ।

अन्य दलहरु उम्मेदवार टुंगो लगाएर चुनावी प्रचारमा जुटिसक्दा नेपाली कांग्रेस इलाम-२ मा प्रतिनिधि सभा सदस्य र बझाङ १ मा सुदूरपश्चिम प्रदेश सभा सदस्यको उम्मेदवार कसलाई बनाउने भन्ने निर्णयमा पुग्न सकिरहेको छैन् ।

दुवै क्षेत्रमा आगामी वैशाख १५ गते उपनिर्वाचन हुँदैछ । यही चेत २४ गते उम्मेदवारी दर्ताको कार्यतालिका छ ।

सोमबार मात्रै माओवादी केन्द्रबाट इलाम क्षेत्र नम्बर २ मा धीरेन्द्र शर्मा तिम्सिना उम्मेदवारका लागि एकल सिफारिशमा परेका छन् । एमालेले सुहाङ नेम्वाङ र रास्वपाले मिलन गुरुङलाई उम्मेदवार तय गरिसकेको छ । तर, कांग्रेसले उम्मेदवाबारे निर्णय लिन सकिरहेको छैन ।


सोमबार पार्टी सभापति शेरबहादुर देउवाले उम्मेदवारको विषयमा पार्टीका पदाधिकारीहरुसँग छलफल गरे । छलफलमा सभापति देउवाले उम्मेदवारका आकांक्षी, निर्वाचन क्षेत्रमा पार्टीको अवस्थाका विषयमा पार्टी पदाधिकारी र सम्बन्धित प्रदेश र जिल्लाका नेताहरुसँग बृफिङ लिए । तर, उम्मेदवारको टुंगो गरेका छैनन् ।

सभापति देउवाले आफ्नै निवास बुढानिलकण्ठमा पार्टीका उपसभापतिद्धय पूर्णबहादुर खड्का र धनराज गुरुङ, दुई महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मा, कोशीका सभापति उद्धव थापा र सुदूरपश्चिमका सभापति वीरबहादुर बलायरसँग सामुहिक छलफल गरेका छन् । छलफलमा कोशीका सभापति थापा र सुदूरपश्चिमका सभापति वीरबहादुर बलायरले पार्टीको गत चुनावको अवस्था, अन्य दलहरुको अवस्था, अन्य दलहरुको उम्मेदवार उनीहरुको प्रभावका विषयमा बृफिङ गरेका छन् ।

नेपाली कांग्रेसको सम्बन्धित पार्टी कमिटीले इलाम-२ र बझाङ १ का लागि उम्मेदवार हरुको सिफारिस गरिसकेको छ ।

कांग्रेसको क्षेत्रीय कार्यसमिति, प्रदेश प्रतिनिधि र महाधिवेशन प्रतिनिधिको संयुक्त बैठकले ६ जनाको नाम सिफारिस गरेको छ । जसमा भेषराज आचार्य, डम्बरबहादुर खड्का, केशव थापा, नगेन्द्र कुमाल, रमेश लिङ्देन, चन्द्रमाया लिम्बु र शान्तिकला राई तामाङ रहेका छन् ।

आचार्य २०७० सालको संविधानसभा निर्वाचनमा एमाले नेता सुवासचन्द्र नेम्वाङसँग पराजित भएका थिए भने खड्का ४ मंसिर २०७९ को आमचुनावमा नेम्वाङसँगै पराजित भएका थिए । बझाङको उपनिर्वाचनका लागि जिल्ला कार्यसमितिले पृष्ठ २ मा




## बागमती सरकारलाई टुप्लुक्क बहुमत
# मुख्यमन्त्रीले पाए विश्वास घटाए मत



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ चैत ।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले डेढ वर्षको अवधिमा तेस्रो पटक विश्वासको मत पाएका छन् ।

११० सदस्यीय बागमती प्रदेश सभामा ५६ मत पाएर मुख्यमन्त्री शालिकराम जम्कट्टेलले तेस्रो पटक सरकार जोगाएका छन् । हाम्रो नेपाली पार्टीको दुईमध्ये एक सिट लिएर टुप्लुक्क बहुमत पुऱ्याएका जम्कट्टेललाई सत्ता गठबन्धनभित्र थोरै बेमेल आउँदा नै संकट आइलाग्नेछ ।

सोमबार भएको मतदानमा जम्कट्टेलको पक्षमा ५६ जनाले मतदान गरे । उनलाई आफ्नो दल माओवादी केन्द्रका २१, नेकपा एमालेका २७, नेकपा एकीकृत समाजवादीका ७ र हाम्रो नेपाली पार्टीका १ जना सांसदले विश्वासको मत दिए । नेपाली कांग्रेस र नेपाल मजदुर किसान पार्टीले विपक्षमा मतदान गरेको छ भने राप्रपा तटस्थ रहेको छ ।

२५ पुस २०७९ मा मुख्यमन्त्री नियुक्त भएका जम्कट्टेलले सोमबार तेस्रो पटक पृष्ठ २ मा

११० सदस्यीय बागमती प्रदेश सभामा ५६ मत पाएर मुख्यमन्त्री शालिकराम जम्कट्टेलले सरकार जोगाएका छन् । हाम्रो नेपाली पार्टीको दुईमध्ये एक सिट लिएर टुप्लुक्क बहुमत पुऱ्याएका जम्कट्टेललाई सत्ता गठबन्धनभित्र थोरै बेमेल आउँदा नै संकट आइलाग्नेछ ।

## वैदेशिक रोजगार विशेष

# रुसी सेनामा नेपालीको संख्या र अवस्थाबारे संसदमा मागियो जानकारी

प्रतिनिधि सभाको सोमबारको बैठकमा विशेष समय लिएर नेपाली कांग्रेसका सांसद प्रदीप पौडेलले रुसी सेनामा रहेका नेपालीको संख्या र उनीहरूको पछिल्लो अवस्थाबारे जानकारी गराउन सरकारसँग माग गरे ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ चैत

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले प्रतिनिधि सभामा रुसी सेनामा रहेका नेपालीहरुको उद्धारमा सरकारले पहल नगरेको भन्दै विरोधलाई निरन्तरता दिएको छ । आइतबार प्रतिनिधि सभाको विशेष समयमा बोल्दै कांग्रेसकी सांसद रमा कोइराला पौड्यालले युद्धग्रस्त क्षेत्र र देशमा श्रमिक पठाउने कामले नेपालीलाई जवर जस्ती युद्धमा धकेलेका भन्दै श्रम स्वीकृति तत्काल बन्द गर्न माग गरेकी थिइन् ।

प्रतिनिधि सभाको सोमबारको बैठकमा पनि विशेष समय लिएर नेपाली कांग्रेसका अर्का सांसद प्रदीप पौडेलले रुसी सेनामा रहेका नेपालीको संख्या र उनीहरूको पछिल्लो अवस्थाबारे जानकारी गराउनुपर्ने सरकारसँग माग गरे । उनले नेपालीको अवस्था सार्वजनिक गर्ने विषयमा बेखबर मात्र नभइ सरकारले खोजी गर्ने चेष्टा नै नगरेको आरोपसमेत लगाए। उनले भने, 'अहिलेका परराष्ट्रमन्त्रीले अघिल्लो परराष्ट्रमन्त्रीले मिलाएको समयमा रुसी पृष्ठ २ मा

## श्रम सचिवमा उपाध्याय



**काठमाडौं/मस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सचिवमा घनश्याम उपाध्यायको सरुवा भएको छ । बागमती प्रदेशको प्रमुख सचिवको जिम्मेवारीमा रहेका उपाध्यायलाई मन्त्रिपरिषदको सोमबारको बैठकले श्रम मन्त्रालयमा सरूवा गरेको हो । गत असारमा सचिवमा बढुवा भएका उपाध्याय बागमती प्रदेशको मुख्य सचिव हुनुअघि सोही प्रदेशको नीति तथा योजना आयोग र त्यसअघि काठमाडौंको प्रमुख जिल्ला अधिकारी भएका थिए । पृष्ठ २ मा

## लेखापाल निरौलाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

काठमाडौं/मस- वैदेशिक रोजगार विभाग, ताहाचल काठमाडौंमा कार्यरत लेखापाल प्रमोद निरौलाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ। उनीविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को (क) बमोजिम कैद र जरिवाना माग गर्दै मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए । १५ हजार रुपैयाँ घुससहित पक्राउ परेका उनलाई अख्तियारले पृष्ठ २ मा

## वैध हुँदै अनलाइन व्यापार

# रोजगारी बढ्ने र विदेश पलायन घट्ने विश्वास

हाल अधिकांश अनलाइन व्यवसाय बिना दर्ता सञ्चालनमा रहेका छन् । कानूनी वैधता पाए उनीहरु करको दायरामा आउँछन् । यसले नेपालको आर्थिक अवस्थालाई चलायमान बनाउनुका साथै युवाहरुको विदेश पलायन रोक्ने विश्वास ई-कमर्स उद्यमी, व्यवसायी एवम् सरोकारवाला र जनप्रतिनिधिहरुको छ ।



पछिल्लो समय नेपालमा विद्युतीय व्यापार वार्षिकरूपमा १५० प्रतिशतले वृद्धि भइरहेको छ र १० अर्बको कारोबार भइरहेको छ । अनलाइन व्यापारले वैधता पाएपछि यो वृद्धिदर अझ बढ्छ र युवाहरुको विदेश पलायन हुनबाट रोक्छ ।

**रघुजी पन्त**
**सांसद, एमाले**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १९ चैत ।

अनलाइन व्यापारले कानूनी वैधता पाउने भएको छ । यसका लागि राष्ट्रिय सभाबाट पारित भएर प्रतिनिधि सभामा पुगेको विद्युतीय व्यापार विधेयक संसदीय प्रक्रियामा अगाडि बढेको छ ।

प्रतिनिधि सभाले सोमबार विद्युतीय व्यापार विधेयकमाथि बिचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत गरेको छ । यो सँगै अब सांसदहरुले ७२ घण्टाभित्र संशोधन प्रस्ताव राख्न सक्छन् । सांसदहरुको संशोधनसहित दफावार छलफल भएर प्रतिनिधि सभाले विधेयक पारित गरेपछि पुनः राष्ट्रय सभा हुँदै राष्ट्रपतिकहाँ पुगेर प्रमाणीकरण भएपछि अनलाइन ब्यापारले वैधता पाउँछ ।

अनलाइन ब्यापारलाई वैधता पाएपछि युवाहरुको विदेश पलायन रोकिने विश्वास ई-कमर्स उद्यमी, व्यवसायी एवं सरोकारवाला र जनप्रतिनिधिहरुको छ ।

नेकपा एमालेका सांसद रघुजी पन्तका अनुसार हाल नेपालमा विद्युतीय व्यापार वार्षिक रूपमा १५० प्रतिशतले वृद्धि भइरहेको र १० अर्बको कारोबार भइरहेको छ । अनलाइन ब्यापारले वैधता पाएपछि यो बृद्धिदर अझ बढ्ने र युवाहरुको विदेश पलायन रोकिने उनको विश्वास छ ।

उनी भन्छन्, 'पछिल्लो समय नेपालमा विद्युतीय व्यापार वार्षिक रूपमा १५० प्रतिशतले वृद्धि भइरहेको छ र १० अर्बको कारोबार भइरहेको पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२० चैत २०८०, मंगलबार
2 April 2024, Tuesday

# दोस्रो पञ्चवर्षीय योजना निर्माणका लागि सुझाव संकलनमा योजना आयोग

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, १९ चैत



कर्णाली प्रदेश योजना आयोगले दोस्रो पञ्चवर्षीय योजनाका लागि सुझाव संकलन गरेको छ । जुम्लामा आयोगले राजनैतिक दल, जनप्रतिनिधि, नागरिक समाज, सञ्चार क्षेत्र, उद्योग वाणिज्य संघ, सामाजिक क्षेत्रका प्रमुख तथा प्रतिनिधिसँग सुझाव संकलन गरेको हो ।

कर्णाली प्रदेश योजना आयोगका सदस्य जीतबहादुर शाहसहितको टोलीले जुम्लामा (२०८१/०८२ - २०८५/०८६) पञ्चवर्षीय योजनाको सुझावका लागि एकदिने परामर्श गोष्ठी कार्यक्रम गरी सुझाव संकलन गरेको हो । आयोगले वित्तीय क्षेत्र, आर्थिक क्षेत्र, पूर्वाधार क्षेत्र, सामाजिक विकास क्षेत्र, शासकीय सुधार तथा सुशासन क्षेत्र, अन्तरसम्बन्धित विषयगत क्षेत्र, योजना अनुगमन तथा मूल्यांकन क्षेत्रलगायतका सात समूह विभाजन गरी पञ्चवर्षीय योजनाका लागि सुझाव संकलन गरेको हो ।

कर्णाली प्रदेशको राजधानी सुर्खेत पछिको दोस्रो आर्थिक तथा प्रशासनिक केन्द्र मानिने जुम्लाले यहाँको विकास समृद्धिका लागि जुम्ला-सुर्खेत सडक, सुर्खेत-जुम्ला हिल्सा द्रुतमार्ग, नाग्म सिञ्जा गमगडी नाक्चेलाग्ना सडक कालोपत्रे, ढलान, जुम्ला केन्द्र बनाएर डोल्पा, जाजरकोट, कालीकोट, बाजुरा, मुगुका सडक विस्तारमा योजना आयोगलाई सुझाव दिएको छ ।

जुम्ला विमानस्थलमा रिफ्यूलिङ सेन्टर, जग्गा अधिग्रहण तथा विमानस्थल विस्तार, जुम्ला, नाग्म, गुठीज्यूला बसपार्क व्यवस्थापन, यातायात व्यवस्था कार्यालय अधिकार प्राप्ति, महिला विकास कार्यालय स्थापना, कृषि र जडीबुटीसँग सम्बन्धित बृहत् उद्योग स्थापना, कर्णाली प्रतिष्ठानमा निःशुल्क स्वास्थ्य सेवाका लागि वर्षेनी अनुदान, निर्माणाधीन सभाहल सम्पन्न, बृहत् धौलिगाड आयोजनाको बजेट सुनिश्चत, अन्य पालिकास्तरका खानेपानीको व्यवस्थापन, १ मेगावाटको चुकेनीलाई निरन्तर बत्ती व्यवस्थापनसहित केन्द्रले अघि सारेका जुम्लाका मेगावाटस्तरका बत्ती सुचारु गरिदिन आयोगलाई अनुरोध गरिएको छ।

त्यस्तै सामाजिक विकास कार्यालयमा रहेको महिला विकास अधिकृतको दरबन्दी अनिवार्य कार्यान्वयनमा ल्याइनुपर्ने, मानव अधिकार र लैंगिक समानताका कार्यक्रममा प्रथामिकता, हिंसा पीडित महिलाका लागि जिल्लामा बृहत् कोष स्थापना गुर्नुपर्ने, विद्यालयस्तरमा बालविवाह, यौन दुर्व्यवहार, लागुऔषध दुर्व्यसनीविरुद्धका विषय पढाउनुपर्ने सुझाव दिइएको छ । जुम्लाको सदरमुकामलाई विशेष आर्थिक प्रशासनिक शहर, बस्ती विकाससहितको सफा शहरीकरण प्याकेज, पालिकास्तरमा नक्सापास र लगतसहितका योजना समेटिनुपर्ने सुझाव दिइएको छ ।

त्यस्तै आयोगमा सञ्चार तथा सूचना क्षेत्रमा जुम्लामा सरकारीस्तरको सूचना तथा प्रविधि विश्वविद्यालय स्थापना, कर्णाली प्रदेश सभामा रहेको आमसञ्चार प्रतिष्ठान पारित गरिनुपर्ने, कर्णालीका पत्रकार, सञ्चारमाध्यामको क्षमता विकास, सूचना प्रचारप्रसार तथा विज्ञापनमा वृद्धिका विषयमा पनि सुझाव दिइएको छ ।

कार्यक्रममा संविधान सभा सदस्य डिल्ली प्रसाद काफ्लेले पञ्चवर्षीय योजनामा कर्णालीमा गौरवका आयोजना बढाइनुपर्ने, पाँच वर्षमा उद्योगबाट रोजगारी सिर्जनाको वातावरण कायम गरिनुपर्ने सुझाव दिएका छन् । उनले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई कर्णाली सरकारको तर्फबाट वर्षेनी २० करोड बढी रकम दिएर निःशुल्क स्वास्थ्यको व्यवस्था गर्न अनुरोध गरे । जुम्ली जनताका लागि स्वास्थ्य तथा शिक्षा निःशुल्क हुनपर्ने उनको माग छ ।

त्यस्तै जिल्ला समन्वय समिति जुम्लाका प्रमुख गौरीनन्द आचार्यले समूहमार्फत आएका सुझावका डायरी योजना आयोगका सदस्य जीतबहादुर शाहलाई हस्तान्तरण गरे। उनले जुम्लाका आमनागरिकको मागलाई कार्यान्वयन गर्न अनुरोध गरे । सुझाव संकलन कार्यक्रममा जुम्लाका स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरु, राजनैतिक दलका प्रतिनिधिहरुले सुझाव दिएका थिए ।

सुझाव संकलनका टोली नेता दानबहादुर बुढा, मनोज बुढाथोकी मगर, नेत्रबहादुर शाही, मानदत्त रावल, खडानन्द चौलागाई, खड्कलाल नेपाली, नरविर सुनारले समूहमा आएका सुझावको प्रस्तुतीकरण गरेका थिए ।

कर्णाली प्रदेश सरकारले दोस्रो पञ्चवर्षीय योजना निर्माणका लागि आवश्यक काम अगाडि बढाएको छ। प्रदेश नीति तथा योजना आयोगले प्रदेशभित्रका सबै तहका विभिन्न सरोकारवालासँग सुझाव संकलनको अभियान सञ्चालन गरेको छ । योजनाको अवधारणापत्र तर्जुमाका लागि पहिलो चरणमा स्थानीय तह र जिल्ला तहका विभिन्न संघसंस्थाहरूसँग सुझाव संकलनका काम भइहरेको योजना आयोग कर्णाली प्रदेशले जनाएको छ। समग्र कर्णाली प्रदेशवासीको सोचसहित अगाडि बढाइ उत्पादकत्व, सामाजिक न्याय र समुन्नति हासिल गर्ने दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य रहेको सदस्य जितबहादुर शाहको भनाइ छ । उनका अनुसार अर्थतन्त्रको सुदृढीकरण, वित्तीय स्रोत पहिचान र व्यवस्थापन, सामाजिक सुरक्षा, पर्यटन, कृषि, पूर्वाधार विकास, रोजगार वृद्धि, सुशासन तथा सार्वजनिक सेवा प्रवाहलगायतका कुराहरू प्राथमिकतामा रहेका छन् ।

# रात्रिबसका कारण अछाम र बाजुराका यात्रु समस्यामा



**धनकृष्ण विक/मध्यान्ह**
बाजुरा, १९ चैत

सुदुरपश्चिम प्रदेशको जिल्लाहरुमा छुट्ने बस रातिको समयमा मात्र गन्तव्य स्थानमा पुग्दा यात्रुहरु अलपत्र पर्ने गरेका छन् ।

धनगढी, कैलाली र अतरियाबाट दिउँसो १ बजे पहाडी क्षेत्रमा छुट्ने रात्रिकालीन यातायातका साधन करिब राति १२ बजे दिपायल पुग्दा बीच बाटोबाट यात्रा गरिरहेका अछाम,बाजुराका सेवाग्राही रात्रिको समयमा अलपत्र पर्ने गरेका हुन् ।

अछाम र बाजुराका अधिकांश यात्रुले विगत लामो समयदेखि नै यो समस्या भोग्ने गरेका छन् । पहाडी क्षेत्रका यात्रुलाई सहज यात्राका लागि दिपायलदेखि अछाम बाजुराका लागि दिवा सेवा आवश्यक देखिएको छ । शनिबार राति करिब ५ घण्टाको पर्खाईमा यात्रुले रात्रिकालिन सेवाका बसमा रात्रिको १ बजे अछाम बाजुरा यात्रा गर्नु परेको बाजुराका मनु कठाएतले बताए ।

उनले भने,'हामीले रातको ३ बजेदेखि बस कुर्‍यौं । बल्ल रातिको १२ बजे भेटायौं । राति बसौं भने कोठाको भाडा नै एक हजार तिर्नुपर्ने हुन्छ । एक रात पनि नसुती हजार तिर्नुपर्ने। नतिरौं गाडी आउँला भन्दैमा सुनसान हुन्छ । दिपायल सहरमा रोडमै सुतिरहनु पर्ने बाध्याता छ ।' यो समस्या अन्यको पनि भएको अछाम र बाजुरा आउने यात्रुहरुले बताएका छन् । राति १२ बजे पुग्ने बस पनि धनगढी अतरियाबाटै टिकट बुक गरेर आएका हुन्छन् । गाडीमा सिट हुँदैन । त्यो बेलासम्म निन्द्राले थिलथिलोमा परेका दिपायल रोडका यात्रु गाडीको डण्डीमा समाएर झुण्डिएर, उभिएर पहाडका घुम्तीहरू पार गरेर अछाम,बाजुरा पुग्छन्। कम्तिमा दिपायलबाट अछाम बाजुराका लागि यातायातको व्यवस्था गरिनुपर्ने उनीहरुको माग छ ।

# रास्कोट नगरपालिका ३ को भवन शिलान्यास

**कमल कुमाल/मध्यान्ह**
कालीकोट, १९ चैत



कालीकोटको रास्कोट नगरपालिका वडा नं. ३ को प्रशासनिक भवन निर्माणको स्थानलाई लिएर दुई समुदाय बीचको विवाद झन्-झन् चुलिँदै गएको छ ।

वडा नं.३ का कोलिगाउँ र माथिल्लो कोलिगाउँ, साकाटियामा बस्तिका समुदाय दुई समूहमा विभाजित भएका छन्। यस अघिका वडा अध्यक्ष देउसिंगे कुमालले दुई बस्तिको बीचमा माथिल्लो कोलिगाउँमा जग्गा खरिद गरेर भवन निर्माण गर्न पहल भएको थियो। तर भवनको ठेक्का नहुँदै पहिलो सरकारको कार्यकाल सकिएपछि अहिले चिठ्ठा सिस्टमबाट वडा अध्यक्षमा बिजयी भएका वडा नं.३ का अध्यक्ष राजेन्द्र नाथ योगीले पहिलो जग्गा अपाइक पर्ने ठाउँमा भएको भन्दै पुनः तल्लो कोलिगाउँमा प्रशासनिक भवनको जग्गा खरिद गरेपछि विवाद सृर्जना भएको थियो । औपचारिक रुपमा नगर प्रमुख धर्मराज शाही, प्रमुख प्रशासकीय अधिकृत जवान सिंह बम र वडा अध्यक्ष लगायतको उपस्तिस्थिमा सोमबार शिलान्यास गरिएको छ ।

अघिल्लो सरकारले वडा नं ६ र ९ मा यसअघि भवन बनिसकेका छन् । अहिले वडा नं १,२,४, ७,८ काम सञ्चालन भइरहेको छ । तर वडा नं ३ को वडा कार्यालय निर्माण समुदायको विभाजनले कुन जग्गामा निर्माण गर्ने भनेर निर्माण व्यवसायी अलमलमा परेका छन् । यसअघि वडा अध्यक्ष राजेन्द्रनाथ योगीले तल्लो कोलिगाउँमा वडा कार्यालय शिलान्यास गरेका थिए भने सोमबार बिहान पुनः रास्कोट नगर प्रमुख धर्मराज शाही पोषणले कुमालवडामा वडा कार्यालय भवनको शिलान्यास गरेका छन्। शिलान्यास कार्यक्रममा बोल्दै नगर प्रमुख शाहीले छिटो छरितो र गुणस्तरिय भवन निर्माण गर्न समेत निमार्ण व्यावसायीहरुलाई निर्देशन दिए ।

निर्माण व्यवसायी ध्वज ब. शाहीसमेतको उपस्तिथिमा गरिएको शिलान्यासमा प्रमुख प्रशासकीय अधिकृत जवानसिंह बम,पूर्व वडा अध्यक्ष देउसिंगे कुमाल,वडा सदस्य तथा कार्यपालिका सदस्य,राजनीतिक दलका प्रतिनिधि लगायत स्थानीय नागरिकको उपस्तिति रहेको थियो । संघ सरकार,प्रदेश सरकार र स्थानीय सरकारको संयुक्त साझेदारीमा १,२,३,४,७,८ को भवनको निर्माण हुने भएको छ भने, वडा नम्बर ६ र ९ को भवन गत वर्ष निमार्ण सम्पन्न भइसकेका छन्। अघिल्लो सरकारले जग्गा समेत प्राप्ति गरिसकेको अवस्थामा पुनः जग्गा कित्ता काट गरेर विवाद सिर्जना गर्ने काम गलत भएको भन्दै अब भवन बहुसंख्याक समुदायको पाइक पर्ने र पूर्व सरकारले जग्गा खरिद गरिसकेकाले नगर सरकारले ठेक्का गरेकै ठाउँमा भवन निर्माण गर्नु दायित्व भएको नगर प्रमुख शाहीले बताए ।

# कालीकोट अनेरास्ववियु अध्यक्षमा सुवेदी चयन

**कालीकोट/मस–** अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन कालीकोट जिल्ला कमिटी अध्यक्षमा भानु प्रसाद सुवेदी चयन भएका छन्। सान्नी त्रिवेणी गाउँपालिकाका स्थायी बासिन्दा सुवेदी नेकपा एकीकृत समावादी निकट विद्यार्थी संगठनमा आवद्ध छन् । नेकपा एकीकृत समाजवादी पार्टी केन्द्रीय कमिटी सदस्य तुलराज सिम्खाडाको प्रमुख आतिथ्यता गत बिहीबार अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन अनेरास्ववियू कालिकोट जिल्ला कमिटीको विशेष भेलाले एक वरिष्ठ उपाध्यक्षसहित ४ उपाध्यक्ष एक सचिव, चार सहसचिव र कोषाध्यक्षसहित १२ जनाको पदाधिकारी चयन गरिएको छ । यसबाहेक कमिटी सदस्यमा १५ जना सदस्य चुनिएका छन् ।

नवनिर्वाचित कमिटीमा वरिष्ठ उपाध्यक्ष रम्बा कुमारी शाही, उपाध्यक्षमा, धुर्व सन्ज्याल, रोसन बिष्ट, विपना सिंह, लक्ष्मण सिम्खडा, सचिवमा बबिता शाही, सह-सचिवमा अनिल बुढा, वसन्त बिष्ट, धिरेन्द्र सुवेदी, सहसचिव, महेन्द्र शाही, कोषाध्यक्ष हेमराज बराल, सदस्यहरूमा नवीन बिष्ट, कमल सिम्खडा, दिवश विष्ट, स्मृति देवकोटा, बिमला शाही, प्रतीक्षा सन्ज्याल, ममता सुवेदी, आमूल जैसी, भुमिका सिंह, मुना चौलागाईं, सर्जन मल्ल, अस्मिता शाही, जेनिसा सुनार, यशोदा बम पलाता, विशाल कुमार बम चयन गरिएको छ । भेलाले आउँदो बैशाख महिनाभित्रै कालीकोट जिल्लाका सबै क्याम्पस,नगरपालिका गाउँपालिका क्षेत्रीय कमिटीहरु गठन गरिसक्ने निर्णय गरिएको छ ।

# दुई जना हुण्डी कारोबारी पक्राउ

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, १९ चैत



हुण्डी कारोबार गरेको आरोपमा सर्लाही प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । सदरमुकाम मलंगवा बजारबाट उनीहरूलाई नियन्त्रणमा लिइएको हो । स्रोत नखुलेको २७ लाख ७५ हजार ६७० रुपैयाँ नगदसहित दुई जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रमुख दयानिधि ज्ञवालीले जानकारी दिए ।

पक्राउ पर्नेमा २४ वर्षीय कमर राजा र ४० वर्षीय आरिफ अन्सारी छन् । अन्सारी मानव तस्करी र अवैध सुन कारोबारी समेत रहेको खुलेको प्रहरी स्रोतको भनाइ छ । उनीहरूमाथि प्रहरीले नेपाल राष्ट्र बैंक ऐन, २०५८ अन्तर्गत कसुरमा अनुसन्धान अघि बढाइएको प्रहरीले बताएको छ ।

## फेरि...

र सो प्रकारको नीति, कार्यक्रम बनाउने उदेश्य अनुरुप काम गरिरहेको उनी बताउँछिन् । मोर्चाले सरकारको नीति, कार्यक्रम र बजेटलाई समाजवादी बनाउनका लागि सल्लाह सुझाव पनि दिने उनको भनाइ छ। हाल समाजवादी मोर्चाको संयोजकमा नेकपाका महासचिव नेत्रविक्रम चन्द विप्लव रहेका छन् । यसअघि मोर्चाको संयोजक एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल थिए ।

नेकपा माओवादी केन्द्रका महासचिव देव गुरुङका अनुसार समाजवादी मोर्चाले हालसम्म ५८ जिल्लामा समाजवादी मोर्चाको संगठन विस्तार गरिसकेको छ। अब बाँकी रहेका जिल्लामा समाजवादी मोर्चा विस्तार हुने उनले जानकारी दिए । ४ असार २०८० मा चार दलका शीर्ष नेताहरुले समाजवादी मोर्चाको घोषणा गरेका थिए। नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जसपाका अध्यक्ष उपेन्द्र यादव र नेकपाका महासचिव नेत्रविक्रम चन्दले साझा अवधारणापत्रमा हस्ताक्षर गरेर समाजवादी मोर्चाको घोषणा गरेका थिए ।

## उपनिर्वाचनलाई...

आकांक्षी १० जना उम्मेदवारको नाम सिफारिस गरेको छ ।

पृथ्वीबहादुरका छोरा अभिषेक सिंहसँगै सत्यराज भण्डारी, जगतप्रसाद जोशी, शान्ति बोहरा, नन्दकृष्ण जोशी, ध्रुवराज उपाध्याय, विष्णुकुमार सिंह, लोकेन्द्रबहादुर रोकाया, नारायण हमाल र अर्जुन स्याडाको नाम सिफारिस भएको छ । पार्टी कार्यालयका मुख्य सचिव कृष्ण पौडेलका अनुसार सभापति शेरबहादुर देउवाले आवश्यक छलफल गरिसकेका छन् । उनका अनुसार दुवै क्षेत्रमा छिट्टै उम्मेदवारको टुंगो लाग्नेछ ।

## बागमती...

विश्वासको मत लिएका हुन्। पहिलो पटक ३ माघ २०७९ मा विश्वासको मत लिंदा उनलाई प्रदेशसभाका ६ दलको समर्थन थियो । त्यसबेला जम्कट्टेलले ११० मध्ये १०५ जना सांसदको समर्थन पाएका थिए । पहिलो पटक जम्कट्टेललाई नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का ३ जना सांसदले मत दिएका थिएनन् भने एक जना अनुपस्थित थिए ।

तर नेकपा एमाले सरकारबाट बाहिरिएर समर्थन फिर्ता लिएपछि उनले दोस्रो पटक १० चैत २०७९ मा विश्वासको मत लिएका थिए । त्यसबेला जम्कट्टेललाई प्रदेशसभाका ६७ जनाले समर्थन गरेका थिए । मुख्यमन्त्री जम्कट्टेललाई उनको दल माओवादी केन्द्रसहित नेपाली कांग्रेस, नेकपा (एकीकृत समाजवादी) र हाम्रो नेपाली पार्टीले मत दिएको थियो । विपक्षमा नेकपा एमाले, राप्रपा र नेपाल मजदुर किसान पार्टीका सांसदले मत दिएका थिए । सोमबार तेस्रो पटक विश्वासको मत पाएता पनि उनलाई जुनसुकै बेला संकट आउन सक्छन्। प्रत्येक पटक विश्वासको मत लिँदा उनको पक्षमा मत संख्या घट्दै गएको देखिन्छ ।

## रूसी...

समकक्षीसँग वार्ता गर्नेबाहेक केही गर्नुभएन ।' सांसद पौडेलले पीडित परिवार र उनीहरुसँग काम गरेका स्वयंसेवीहरुले आफूलाई रुसी सेनामा ७ सयभन्दा बढी नेपाली रहेको, ४० जनाले ज्यान गुमाएको, ३ सयभन्दा बढी बेपत्ता भएको र १ सय १७ जना घाइते अवस्थामा भएको जानकारी दिएको बताए । युद्धग्रस्त मुलुक रुसमा जान श्रम स्वीकृति दिने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको निर्णयले मानव तस्कर हरुलाई सहज भएको भन्दै सांसद पौडेलले मन्त्रालयको निर्णयमा पनि प्रश्न उठाए । उनले भने, 'रुस नजाउ भनेर आग्रह गर्नुपर्नेमा यति नै बेला श्रम स्वीकृति किन दिइयो ?'आइतबार प्रतिनिधि सभाको विशेष समयमा बोल्दै सांसद पौड्यालले युद्धग्रस्त क्षेत्र र देशमा श्रमिक पठाउने कामले नेपालीलाई जबरजस्ती युद्धमा धकेलेको भन्दै श्रम मन्त्रालयबाट रोजगारीका लागि जान दिएको अनुमतिले सरकारले के गर्न खोजेको हो ? भन्दै प्रश्न उठाएकी थिइन् । यता रुसी सेनामा भर्ती भएर बेपत्ता भएका नेपालीका परिवार तथा आफन्तहरूले सिंहदरबार अगाडि युद्धमा घाइते भएका नेपालीको निःशुल्क उपचार तथा राहतको माग गर्दै प्रदर्शन गरेका छन् । उनीहरूले सोमबार बिहान सिंहदरबारको मुलगेट अगाडि प्रदर्शन गरेका हुन् । निषेधित क्षेत्रमा प्रदर्शन गरेको भन्दै प्रहरीले १६ जनालाई नियन्त्रणमा लिएको थियो ।

## श्रम ...

श्रम मन्त्रालयका तत्कालीन सचिव केवल प्रसाद भण्डारीले स्वेच्छिक अवकाशका लागि दिएको राजीनामा मन्त्रिपरिषद्ले चैत ८ गते स्वीकृत गरेपछि मन्त्रालयको सचिव पद करिब दुई हप्तादेखि रिक्त रहेको थियो । निजामती सेवा ऐन २०४९ को दफा ३७ अनुसार २०४९ कात्तिक २१ अगाडि सेवा प्रवेश गरेर ३० वर्ष सेवा अवधि पूरा भएका कर्मचारीले त्यसरी अनिवार्य अवकाश हुन अगाडि स्वेच्छिक अवकाश रोज्दा ६० वर्ष पुग्न बाँकी अवधि थपेर गणना हुने र त्यसैको आधारमा पेन्सन पाउने व्यवस्था छ। निजामती ऐनमा सचिवले स्वेच्छिक राजीनामा गरेको अवस्थामा नियमित सेवा भन्दा दुई वर्ष बढी सेवा गरेको मानि निवृत्तिभरण (पेन्सन) दिइने प्रावधान छ । सोही व्यवस्थाको लाभ लिन तत्कालीन सचिव भण्डारीले चैत ११ गते राजीनामा दिएका थिए ।

## लेखापाल...

सोमबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो । अख्तियारले लेखापाल निरौलाबाट स्रोत नखुलेको ७१ हजार ६ सय २० रुपैयाँ पनि बरामद गरेको थियो । अभियोगपत्रमा भने उक्त रकम जफतको मागदाबी छैन ।

## रोजगारी...

छ । अनलाइन व्यापारले वैधता पाएपछि यो बृद्धिदर अझ बढ् छ र युवाहरुको विदेश पलायन हुनबाट रोक्छ ।' राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद शिशिर खनालका अनुसार एउटा अध्ययनले नेपालमा अबको दुई/तीन वर्षमै अनलाइन व्यापारको आकार १ एक विलियन डलर अर्थात, करिब १ खर्ब ३० अर्ब रुपैयाँ भन्दा बढी हुने देखाएको छ ।

कानुनी वैधतासँगै यो संख्या अझ बढ्ने र यसले नेपालको आर्थिक विकासमा ठूलो टेवा पुर्‍याउने उनको विश्वास छ ।

जनता समाजवादी पार्टी (जसपा)की सांसद रन्जुकुमारी झा कानुनी वैधतासँगै ई-कमर्सको वर्गीकरण हुनुपर्ने, सामाजिक सञ्जालबाट गरिने व्यवसायलाई समेटिनुपर्ने बताउँछिन्। यस अनुसार प्रस्तावित विधेयकलाई परिमार्जन गर्न पहल गर्ने उनको प्रतिवद्धता छ ।

युवा उद्यमी अनुराग गोयल ई-कमर्स क्षेत्रभित्र पनि फरक प्रकृतिका व्यवसाय हुने भएकाले विधेयकमा तिनको वर्गीकरण आवश्यक भएको बताउँछन् । १८ साउन २०८० मा बसेको राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिको बैठकमा उनले भनेका थिए, 'हाम्रो बजारजस्तो प्लाटफर्ममा एउटा ग्राहकले अर्को ग्राहकलाई फोन वा गाडी बेचिरहेको हुन्छ । यसकारण कानुनमा सीटूसी, बीटूसी र बीटूबीहरूलाई पनि जोड्नुपर्छ । विधेयकले मार्केटप्लेस, क्लासिफाइड बिजनेस र प्लाटफर्मको पहिचान गर्नुपर्छ ।'अनलाइनबाट व्यापार गर्न चाहनेले वेबसाइट, एप्लिकेसन, सफ्टवेयरजस्ता विद्युतीय प्लाटफर्म अनिवार्य बनाउनुपर्ने र त्यसलाई विद्युतीय व्यापार पोर्टलमा सूचीकरण गर्नुपर्ने व्यवस्था छ । यसलाई लिएर पनि कतिपयले प्रश्न उठाएका छन् । हाल अधिकांश अनलाइन व्यवसाय बिना दर्ता सञ्चालनमा रहेका छन् । कानुनी वैधता पाए उनीहरु करको दायरामा आउँछन् । यसले नेपालको आर्थिक अवस्थालाई चलायमान बनानुका साथै युवाहरुको विदेश पलायन रोक्ने विश्वास ई-कमर्स उद्यमी, व्यवसायी एवं सरोकारवाला र जनप्रतिनिधिहरुको छ ।

# बुद्थापाको 'प्रतिज्ञा' विमोचन



**जुम्ला/मस–** २०३८ सालमा लेखिएको गिती नाटक प्रतिज्ञाको तेस्रो प्रकाशन विमोचन गरिएको छ। जुम्लामा सुर्खेत-जुम्ला उच्च अदालत इजलासका न्यायाधिश कैलाश गुरुङ, जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यबाट ७७ वर्षीय (मरिमल जुम्ली) रामकृष्ण बुद्थापाद्वारा लिखित नाटकको विमोचन गरिएको हो ।

विमोचन कार्यक्रममा बुद्थापाले तत्कालिन समयमा पञ्चायतले आफुलाई जेल हालेपछि प्रतिज्ञा नाटकको जन्म भएको बताए । लेखक बुद्थापाका अनुसार गरिबीविरुद्ध जागरण दिने र पञ्चायत विरुद्धमा लेखिएको प्रतिज्ञा नाटका कारण आफुलाई पटक-पटक जेल हालिएको थियो ।

उनलाई वि.सं २०३८ साल असोज महिनामा पक्राउ गरी ९ महिना कारागर चलान गरिएको थियो । जेलभित्र लेखिएको नाटकमा मुख्य पात्र श्रीमान चैते, श्रीमती वैशाखी र छोरा गोपाल हुन्छन् । श्रीमान चैते साहुको काम गरिरहेपनि छोराको उपचारमा आर्थिक सहयोग नहुँदा जिल्ला प्रशासन कार्यालयमा जाँदा पनि न्याय पाउँदैनन् र उपचार नभएपछि छोरा गोपालको निधन हुन्छ। यसरी उपचार नपाएर छोराको निधन हुनु तर आर्थिक बटुलिरहेका समाजमा धनि व्यक्तिले भारी बोकेर श्रमको मूल्य समेत नदिनु समाजको चित्र देखाउने सो नाटकले कर्णालीको तत्कालिन समयको गरिबीको झल्को पनि दिन्छ ।

पञ्चायतमा जेलभित्र लेखिएको नाटक वि.सं २०४९ आश्विनमा पहिलो संस्करण, २०५२ साउनमा दोस्रो सस्करण प्रकाशन भएको थियो तर त्यो प्रकाशन नपाइएपछि नाटकका कलाकार तथा पाटकहरुको मागमा तेस्रो प्रकाशन गर्नु परेको लेखकले बताएका छन् । विमोचन कार्यक्रममा गिती नाटक गरिबीको चक्र हटाउने सचेतना दिने रहेको सुझाव दिएका छन् ।

त्यस्तै सुर्खेत जुम्ला उच्च अदालतका न्यायाधीश गुरुङले प्रतिज्ञा नाटक मुना मदन कविता भन्दा कम नभएको टिप्पणी गरे । उनले औषधी मुलो नपाएर गरिबीको कथा बनेको बताए । उनको यो प्रकाशन राजधानीसँगको पुलको काम गर्न सक्ने बताए । उनले कणालीको जुम्ला भातरको सिम्ला जस्तो रहेको बताए । उनले जुम्लामा अभाव र गरिबी होइन सम्भावना बोकेको जिल्ला रहेको बताए । त्यस्तै जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यले बुद्थापा आदर्श राजनीतिज्ञ रहेको बताए । उनका अनुसार पञ्चायती व्यवस्था उनीहरुविरुद्ध बोल्न कोही कसैको अवस्था थिएन । तर बुद्थापाले गाइजात्रामार्फत उनीहरुकोविरुद्ध बोल्ने गरेका थिए । उनको गिती नाटक जुम्लाबासीको लागि प्रेरणा बन्ने बताए ।

**We are Hiring**

We are hiring a following candidates to support our recruiting and sourcing team to place qualified candidates faster.

**Business Development Officer - 2 Male/Female**

**Requirements**
A degree in Business Administration, Marketing, Information Technology, or a related field, providing a foundational understanding of business principles and IT concepts.vital role in driving the growth and expansion of our business by identifying new opportunities, maintaining client relationships and promoting our services to potential clients.

**Documentation Officer -2 Male/Female**

Attractive Salary

**Requirements**
+2 passed /Bachelor running,Smart & energetic, read, write and speak English skill, Basic computer knowledge.

*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph at career@palhioverseas.com.np*
Prority will be given for manpower Experienced.

PALHI OVERSEAS (PVT.) LTD.
श्रम इजाजत नं. ५९४/०६२/०६३
लोसाल अन्नपूर्णमार्ग, चप्पलकारखाना, काठमाडौं, फोन: ०१-४०१५७९२, ४०१५६५५
Mobile NO: 9801212601/E-mail: info@palhioverseas.com | Website: www.palhioverseas.com

# १४ वटा सीमा नाका खोल्न चीन तयार : उपप्रधानमन्त्री श्रेष्ठ



**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ चैत

उपप्रधानमन्त्री एवम् परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ चीन भ्रमण पूरा गरी स्वदेश फर्किएका छन् । उनी सात दिनको भ्रमण पूरा गरी सोमबार बिहान स्वदेश फर्किएका हुन् । चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय कमिटीका सदस्य तथा चीनका परराष्ट्रमन्त्री वाङ यीको निमन्त्रणामा परराष्ट्रमन्त्री श्रेष्ठ गत चैत ११ गते नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै चीन भ्रमणमा गएका थिए ।

स्वदेश फर्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा परराष्ट्रमन्त्री श्रेष्ठले आफ्नो चीन भ्रमण सफल भएको बताए । यस भ्रमणले नेपाल र चीनबीचको आपसी सद्भाव, सम्मान र विश्वासलाई थप सुदृढ बनाउन तथा दुई मुलुकबीच विद्यमान ऐतिहासिक मित्रवत् सम्बन्धलाई अझ उचाइमा पुऱ्याउन महत्वपूर्ण भूमिका खेलेको परराष्ट्रमन्त्री श्रेष्ठले विश्वास व्यक्त गरे ।

नेपालको केन्द्रीय कार्यभार आर्थिक विकास र समृद्धि भएको भन्दै मन्त्री श्रेष्ठले त्यसका लागि चीनको सहयोग चाहिन्छ भनेर छलफल गरेको जानकारी दिए । उनले त्यसको परिणाम सकारात्मक आउने विश्वास व्यक्त पनि गरे ।

मन्त्री श्रेष्ठले कोभिड महामारीका कारण बन्द भएका नेपाल-चीनबीच विद्यमान १४ वटा परम्परागत व्यापार सीमा नाकाहरु यथाशीघ्र खोल्न चीन पक्ष तयार भएको जानकारी दिए । यसबाट चीन सीमानजिक बसोबास गर्ने नेपालीहरुको दैनिक जीवन तथा व्यापार व्यवसाय सहज हुने उनले बताए ।

यस्तै नेपाल-चीनबीचको मैत्रीपूर्ण सम्बन्धका विविध आयामहरुमा नियमितरुपमा उच्चस्तरमा छलफल गर्न नेपाल र चीनका परराष्ट्रमन्त्रीस्तरमा एक संयुक्त आयोग गठन गर्न दुवै पक्ष सकारात्मक भएको पनि मन्त्री श्रेष्ठले जानकारी दिए । उनले आफ्नो चीन भ्रमणका क्रममा बेल्ट एण्ड रोड इनिसिएटिभको कार्यान्वयन योजनालाई अन्तिम रुप दिइ कार्यान्वयन गर्नेबारे पनि छलफल भएको बताए ।

नेपाल भ्रमणमा आउने चिनियाँ पर्यटकहरुलाई नेपालले सन् २०१६ देखि नै निःशुल्क भिसा उपलब्ध गराउँदै आएको बताउँदै मन्त्री श्रेष्ठले आफूले पनि चीन भ्रमण गर्न चाहने नेपालीहरुलाई चिनियाँ भिसा निःशुल्क उपलब्ध गराउन अनुरोध गरेको जानकारी दिए । यसमा चिनियाँ पक्षले सकारात्मक प्रतिक्रिया दिएको उनले जानकारी दिए ।

मन्त्री श्रेष्ठले नेपाल-चीनबीच भएका सहमतिहरुको प्रभावकारी कार्यान्वयन गरी तथा विद्यमान संयन्त्रहरुको नियमित बैठक बसी आपसी सहयोगलाई थप गतिशील बनाउन दुवै पक्ष सहमत भएको जानकारी दिए । यस्तै नेपालको काठमाडौं र चीनको तिब्बत स्वशासित क्षेत्रको ल्हासाबीच सिधा बस सेवा पुनः सुचारु गर्न पनि दुवै पक्ष सकारात्मक भएको मन्त्री श्रेष्ठले बताए ।

मन्त्री श्रेष्ठले नेपाल-चीन सीमाका केही क्षेत्रमा मल्टी फंस्नल ल्याब स्थापना गर्न आफूले गरेको अनुरोधलाई चिनियाँ पक्षले सकारात्मकरुपमा लिएको पनि जानकारी दिए । नेपालको कृषि क्षेत्रको उत्पादकत्व बढाउनका लागि आवश्यक पुँजी र प्रविधि उपलब्ध गराउन चिनियाँ पक्ष सकारात्मक रहेको उनले बताए ।

नेपालको काठमाडौं र पोखरा तथा चीनका विभिन्न शहरबीच थप उडानहरु सञ्चालनमा ल्याउन दुवै पक्ष सहमत भएको बताउँदै परराष्ट्रमन्त्री श्रेष्ठले यसले दुई देशबीचको व्यापार तथा जनस्तरको सम्बन्ध विस्तार गर्न तथा नेपालमा थप चिनियाँ पर्यटक भित्र्याउन सहयोग पुग्ने देखिएको बताए ।

मन्त्री श्रेष्ठले आगामी अप्रिल २८ र २९ मा काठमाडौंमा आयोजना हुने तेस्रो नेपाल लगानी सम्मेलनमा सरकारी तथा निजी क्षेत्रका चिनियाँ लगानीकर्ताहरुको बढीभन्दा बढी सहभागिताका लागि आफूले अनुरोध गरेको र यसमा उच्चस्तरीय चिनियाँ नेतृत्वले उक्त सम्मेलनमा सहभागिताका लागि चिनियाँ लगानीकर्ताहरुलाई प्रोत्साहन गर्ने प्रतिबद्धता व्यक्त गरेको जानकारी दिए । भ्रमणका क्रममा उपप्रधानमन्त्री श्रेष्ठले चिनियाँ जनराजनीतिक परामर्श सम्मेलन (सिपिपिसिसी) का अध्यक्ष वाङ हुनिन, चिनियाँ समकक्षी वाङ यी, चिनियाँ कम्युनिष्ट पार्टीका विदेश विभागका उपमन्त्री सुन हाइयान लगायत उच्च राजनीतिक नेतृत्वसँग भेटवार्ता गरेका थिए । बेइजिङमा रहँदा उपप्रधानमन्त्री श्रेष्ठले नेपाली दूतावासमा आयोजित पूर्वलगानी सम्मेलनलाई सम्बोधन पनि गरेका थिए ।

भ्रमणका क्रममा परराष्ट्रमन्त्री श्रेष्ठसँगै चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठ, परराष्ट्र मन्त्रालयका सहसचिव कृष्णप्रसाद ढकाल, ल्हासास्थित नेपाली महावाणिज्यदूत नवराज ढकाल, छन्दुस्थित नेपाली महावाणिज्यदूत सुरेश राउत, नेपाली दूतावास बेइजिङका नियोग उपप्रमुख सुरेन्द्रकुमार यादवलगायतको सहभागिता रहेको थियो ।

**वैदेशिक रोजगारको चीन गन्तव्यबारे छलफल**

उपप्रधानमन्त्री एवम् परराष्ट्रमन्त्री श्रेष्ठले आफ्नो चीन भ्रमणका क्रममा नेपाली श्रमिकहरुको चीन गन्तव्यलगायतका विषयमा पनि छलफल भएको बताए । पत्रकार सम्मेलनमा मध्यान्ह दैनिकका तर्फबाट चीनबाट वैदेशिक रोजगार व्यवसायीहरुले ल्याएका मागपत्र प्रमाणीकरण गर्न बेइजिङस्थित नेपाली दूतावासबाट आलटाल गर्ने गरिएको र संस्थागतरुपमा चीनमा वैदेशिक रोजगारमा नेपाली कामदार सहजरुपमा जान नसकेकोबारे जिज्ञासा राख्दा परराष्ट्रमन्त्री श्रेष्ठले यसबारे अन्य तहबाट पनि छलफल गरिने बताए । 'जिज्ञासा सकारात्मक छ,' उपप्रधानमन्त्री श्रेष्ठले भने, 'यसबारे अन्य तहबाट पनि छलफल अगाडि बढाइने छ ।'

वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार चालु आर्थिक वर्षको फागुनसम्म व्यक्तिगत तवरबाट १६६ जना नेपाली कामदार चीन गएका छन् । विभागका अनुसार साउनमा ११ जना, भदौमा ३३ जना, असोजमा १६ जना, कात्तिकमा २५ जना, मंसिरमा १८ जना, पुसमा ३३ जना, माघमा १५ र फागुनमा १६ जना गरी १६६ जना नेपाली कामदार नयाँ श्रम स्वीकृति र री इन्ट्री गरी चीनमा गएका छन् भने संस्थागतरुपमा म्यानपावरबाट एक जना पनि गएका छैनन् । पत्रकार सम्मेलनमा परराष्ट्र सचिव सेवा लम्सालले कार्यक्रम सञ्चालन गर्दै पत्रकारहरुलाई स्वागत गरेकी थिइन् ।

# बागलुङमा अटो दुर्घटना हुँदा ५ जना घाइते

**राम प्रसाद घिमिरे/मध्यान्ह**
बागलुङ, १९ चैत

बागलुङमा अटो रिक्सा दुर्घटना हुँदा ५ जना घाइते भएका छन् । बागलुङ बजारदेखि दोविल्ला तर्फजाँदै गरेको ध १ ह ७५ नम्बरको अटोरिक्सा बागलुङ नगरपालिका-३ रातमाटामा दुर्घटना हुँदा अटोमा सवार ५ जना यात्रु घाइते भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परी बागलुङ नगरपालिका-३ तातोपानी बस्ने वर्ष ४५ की रेवती किसान, वर्ष २४ की सम्झना किसान, वर्ष ५ की साचि किसान, वर्ष ६८ का रोहिणिदत्त शर्मा र कास्की जिल्लाको मादी गाउँपालिका-१२ बस्ने वर्ष ४८ का सन्त बहादुर परियार रहेको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी दिपक बाबु केसीले बताए । अटो चालक भने फरार रहेको र खोजीकार्य जारी रहेको प्रहरीले जनाएको छ ।

घाइतेहरुको धौलागिरी प्रादेशिक अस्पतालमा उपचार भइरहेको जनाइएको छ । घाइतेमध्ये २ जना पुरुषको अवस्था गम्भीर रहेको अस्पताल स्रोतले जनाएको छ । सदरमुकामदेखि मध्य पहाडी राजमार्ग हुँदै पश्चिमतर्फ जाँदै गर्दा अनियन्त्रित भइ दुर्घटना भएको घटनास्थलका प्रहरीलाई उद्धृत गर्दै जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी केसीले बताए ।

## Invitation for Online Bids

**Bhanu Jana Secondary School**
**Ambitar, Taplejung**
**Taplejung, Koshi Province, Nepal**
**Date of first publication: 2080/12/20 (2nd April 2024)**

1. Goverment of Nepal has provided a grant towards the Bhanu Jana Secondary School for the cost of the Construction project and intends to apply part of the funds to cover eligible payments under the Contract as mention below:
2. Only eligible Nepalese bidders with the following key qualifications should participate in this bidding: Agency Registration, VAT Registration and Income tax clearance / Submission certificates.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Bhanu Jana Secondary School., Taplejung, Mob no: 9842660650, 024-460174, email on the email address: bhanujss206@gmail.com : or may visit PPMO's e-GP system www.bolpatra.gov.np/egp.
4. For Bidders & submission of bidding documents from PPMO's e-GP system www.bolpatra.gov.np/egp.
**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank Nepal Bank Limited, Taplejung Branch**
**Name of Office: Bhanu Jana Uchcha Ma.Bi.**
**Last Date of Purchasing of Bidding Documents from online: 2081 Baisakh 20 at office hrs.**
**Account No.: 06200100869309000001**
5. Bids must be submitted through e-GP system https:www.bolpatra.gov.np/egp on before12:00 Hrs on 21 Baisakh 2081. Bids received after this deadline will be rejected.
6. Bids must be valid for a period of 90 days after opening of bids and must be accompanied by Cash Security or Bank Guarantee, amounting as mentioned in table below, which shall be valid for 120 days after opening of the bids.
7. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the **Bhanu Jana Uchcha Ma.bi. Account no: 06200100869309000001 at Nepal Bank Limited, Taplejung branch** and submit the receipt of the deposited amount of cash along with the bid.
8. The bids shall be opened in the presence of bidder's representative who chooses to attend at 13:00 Hrs on 21 Baisakh 2081 at the office of Bhanu Jana Secondary School, Ambitar, Taplejung. Bids must be valid for a period of 90days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in PDF format.
9. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063, Public Procurement Regulations-2064 and their amendments.
10. The employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning any reason.
11. Any intimidation, inclusion and curtailing during bidding process shall be punishable by law.

| Contract ID No. | Name of Projects | Estimated Cost With VAT & PS (NRs) | Bid Security Amount (NRs) | Bid Fee (NRs) |
|---|---|---|---|---|
| NCB/BJSS/IDP/Works/02/080/081 | Construction of Multipurpose Kabad Hall Building | 19485772.42 | 488000 | 3,000.00 |

**Principal**

## काठ गोलिया बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**(दोस्रो पटक प्रकाशित मिति २०८०/१२/२० गते)**

श्री महाकाली सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई आ.व. २०७५/०७६ र २०७६/०७७ घाटगद्दीमा विभिन्न लट बनाई राखिएको साल र असना जातसमेत गरी काठ ४६५६.१७ क्यू. फिट जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीका लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री महाकाली सामुदायिक वन उपभोक्ता समूह,**
**कृष्णपुर न.पा. ०६, बन्जरिया, कञ्चनपुर**
**सम्पर्क नं. ९८५८७७६८५७ र ९८०६४६९८६५**

माईन्ड म्यानेजमेन्ट कार्यशाला
सफलता, शान्ति र आनन्दको लागि
मानसिक क्षमता वृद्धि, आत्म विकास, सकारात्मक सोच, नेतृत्व क्षमता विकास, अध्यात्मिक ज्ञान तथा लाभ र सुखी जीवनको लागि हुन गइरहेको यस कार्यक्रममा स्वागत छ ।
"सफल हुने बहाना बनाउँदैन
बहाना बनाउनेले सफल हुँदैन"
आचार्य श्री स्वामी ध्रुव
शुल्क रु ६,000/-
आयोजक: सृष्टी साधना केन्द्र, सानेपा
सम्पर्क: ९८४३४७४३९७

६७ औं राष्ट्रिय सहकारी दिवस
को अवसरमा सम्पुर्ण सहकारीकर्मीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पाँच तारा बचत तथा ऋण सहकारी संस्था लि.
Five Star Saving & Credit Co-operative Ltd.
E-mail: 5starsahakari@gmail.com

खोटाङ्ग जलेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.
बु.न.पा. - १०, रुद्रमतीचोक, कपन
फोनः ०१-४८२३०७०

Parawartan Multipurpose Co-operative Ltd.
Hadigaun, Kathmandu
Ph.: 01-4519992

किसान बहुउद्देश्यीय सहकारी संस्था लि.
KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD.
HEAD OFFICE
Lamki Chuha, Kailali
Tel. No.: 091-540426/540450 Fax no.: 540103
Email : info@kisancoop.com.np
Web : www.kisancoop.com.np

Sukrapath Multipurpose Co-operative Ltd.
Newroad, Kathmandu
Ph.: 01-5713455

अर्थ जीवन दृष्टि बचत तथा ऋण सहकारी संस्था लि.
केन्द्रिय कार्यलय: महालक्ष्मी प्लाजा
कालीमाटी, काठमाडौं
फोनः ०१-५६७२५४३

NAVAJEEVAN CO-OPERATIVES LTD.
Dhangadi, Kailali, Ph.: 091-520283

Janasachetan Saving and Credit Cooperative Society Ltd.
Address : Baiteshwor Rural Municipality, Ward No. 5, Mainapokhari, Dolakha
Phone : 049-411004, 4110005
Email : info@janasachetan.org.np

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com

२० चैत २०८०, मंगलबार
2 April 2024, Tuesday

सम्पादकीय

## परराष्ट्रमन्त्रीको भ्रमण र आशंका

सरकारका उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले एक साता लामो चीन भ्रमणबाट फर्कदै सोमबार भ्रमणका उपलब्धिहरूबारे लामै व्याख्या गरेका छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरूसँग मन्त्री श्रेष्ठले दुई पृष्ठ लामो उपलब्धि प्रस्तुत गरेका थिए । मन्त्री श्रेष्ठले दुई देशबीचको सम्बन्धलाई थप विश्वासिलो र उचाइमा पुऱ्याउन भ्रमण सफल भएको दावी गरे । सँगै दुई देशबीचको ब्यापार साझेदारी, विकास निर्माणमा सहयोग र एकअर्का देशमा आवात–जावातबारे थप पहलकदमी भएको पनि दावी गरे । तर यो भ्रमणलाई लिएर यसअघि जस्तै चीनले अगाडि सारेको महत्वाकांक्षी परियोजना बेल्ट एण्डा रोड इनिसिएटिभ (बीआरआई) लाई चासोका साथ हेरिएको छ । परराष्ट्रमन्त्री श्रेष्ठले जारी गरेको बक्तव्यमा पनि बीआरआई समावेश छ । बीआरआईलाई अन्तिम रूप दिई कार्यान्वयन गर्नेबारे छलफल भएको बक्तव्यमा उल्लेख छ ।

सत्ता गठबन्धन बदलिएपछि मन्त्री श्रेष्ठले एक साता लामो चीन भ्रमण गर्नु अनि बिआरआई एजेण्डा बन्नुलाई कुटनैतिक रूपमा पनि चासोका हेरिएको छ । विशेषगरी पश्चिमा शक्तिहरूले यो भ्रमणलाई चासोका साथ हेरेका पाइन्छ । दक्षिणी छिमेक भारतका कतिपय सञ्चार माध्यमहरूमा यसअघिबाटै नेपालको सत्ता परिवर्तनमा चिनियाँ भूमिकाबारे चर्चा भएको थियो । सरकार समीकरण परिवर्तन चीनकै सक्रियतामा भएको भन्ने चर्चालाई प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र प्रमुख सत्ता साझेदार नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले समेत खण्डन गरेका थिए । ओलीले सत्ता समीकरण नेपालकै नेताहरूको पहलकदमीमा भएको सार्वजनिक अभिव्यक्ति दिएका थिए ।

नभन्दै नेपालका तर्फबाट उच्च भ्रमण चीनमै हुनुले दक्षिण छिमेक भारत सहित पश्चिमा शक्ति सशंकित भएको हुन सक्छ । अमेरिकी परियोजना एमसीसी नेपालले अनुमोदन गर्दाका परिदृष्यले पनि उनीहरूमा चीनलाई लिएर चासो हुनु स्वभाविक देखिन्छ । किनकि विवादकै बीच पश्चिमा शक्तिहरूको दबावमा एमसीसी नेपालको संसदले अनुमोदन गरेको थियो । त्यसबेला चीनले खुलेर एमसीसी अनुमोदन नगर्न नेपालमाथि दबाव सिर्जना गरेको थियो । अहिले बीआरआईलाई लिएर फेरि विवाद हुने संभावना देखिन्छ । किनकि मन्त्री श्रेष्ठ चीन भ्रमणमा निस्कन लाग्दा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले असन्तुष्टि जनाउँदै बक्तव्य जारी गरेको थियो भने प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका नेताहरूले बीआरआईबारे असहमति जनाउँदै आएका छन् । तर परराष्ट्रमन्त्री श्रेष्ठले मुलुककै हितमा हुनेगरी आफ्नो भ्रमण भएको प्रष्टोक्ति दिएका छन् । पक्कैपनि मुलुकको हितमा हुनेगरी जुनसुकै देशसँग उच्च स्तरको सहमति जरूरी कुरा हो । मुलुकको परराष्ट्र नीतिमा अडिग रहेर देश हितको पक्षमा भ्रमण र सम्झौता गरिनुपर्छ । तर कुनैपनि राजनीतिक स्वार्थमा आधारित रहेर मुलुकको कुटनैतिक सम्बन्ध र सार्वभौम मुलुकप्रति सम्झौता गरिनु हुन्न ।

# स्थानीय विकास योजनाको सान्दर्भिकता

*स्थानीय सरकारको सफलता स्थानीय योजनाको सशक्त निर्माण र कार्यान्वयनमा निर्भर गर्दछ । यदि हामी योजना बनाउन चुक्यौं भने हामी असफल हुने योजना बनाइरहेका हुन्छौं ।*

अग्रलेख



● गम्भीर बहादुर हाडा

स्थानीय विकास योजना ग्रामीण विकासका लागि वास्तविक योजना हो । स्थानीय विकास योजनाले विकासमा जनताको सक्रिय सहभागितालाई महत्व दिन्छ । जनताको सहभागिता बिनाको योजना न त कार्यान्वयन हुन सक्छ, न त उद्देश्यहरू प्राप्त गर्न नै सकिन्छ । विकासशील देशहरूमा केन्द्रद्वारा स्थानीयस्तरमा लगिने योजना कार्यान्वयन गर्दै लैजाँदा आर्थिक तथा सामाजिक पूर्वाधारतर्फ प्रशस्त लगानी भइसक्दा पनि अनुमान गरिएअनुसार उपलब्धि प्राप्त हुन सकेको देखिन्न । यसको विपरित ग्रामीण क्षेत्रहरूको आर्थिक तथा सामाजिक भिन्नता र अन्तर बढ्दै गएको पाइन्छ । गरीब विपन्न तथा साधनहीन जनताले त्यस प्रकारको माथिबाट तल लगिने विकास योजनाहरूबाट खासै फाइदा उठाउन सकेनन् । त्यसको मूल कारण त्यसभन्दा पहिला ग्रामीण विकासका लागि अगाडि बढाइएको ग्रामीण विकास सम्बन्धी दृष्टिकोणमा गम्भीर त्रुटि रहेको मान्न सकिन्छ । तत्पश्चात् स्थानीयस्तरको वा ग्रामीण क्षेत्रको विकासका लागि 'बटम अफ एप्रोज'को अवधारणालाई आत्मसाथ गर्ने विचारको जन्म भयो । 'बटम अफ एप्रोज' भनेको विकास जनताले, जनताद्वारा, जनताका लागि गरिने अभ्यास अर्थात् विकासमा बढीभन्दा बढी जनसहभागिता जुटाउनु हो ।



वास्तवमा स्थानीय विकास योजना भनेको ग्रामीण विकास योजना हो । स्थानीय विकास योजनालाई सूक्ष्म योजना पनि भनिन्छ । राष्ट्रिय योजनाको अभिन्न अङ्ग हो । यसलाई राष्ट्रिय योजनाद्वारा मार्गदर्शन गर्दै जानु पर्दछ । स्थानीय विकास योजना निर्दिष्ट गाउँको विकासका लागि बनाइने गाउँस्तरीय वा निर्दिष्ट जिल्ला भरिका लागि बनाइने जिल्लास्तरीय हुन सक्छ । स्थानीय विकास योजना सम्बन्धित स्थानको कृषि, साना तथा घरेलु उद्योग, स्वास्थ्य, शिक्षा, खानेपानी, यातायात आदी क्षेत्रहरूको विकासका लागि तर्जुमा गरिन्छ । यस प्रकारको योजनाले स्थानीय सीप, श्रम र स्रोतको उचित सदुपयोग र परिचालन गर्नमा सहयोग पुऱ्याउँछ । स्थानीय विकास योजनाको सिलसिलामा आर्थिक तथा राजनैतिक अधिकारहरू विकेन्द्रिकृत गरिएको हुन्छन् । यस योजनाको माध्यमद्वारा स्थानीय स्तरको आर्थिक तथा सामाजिक संरचनामा आमूल परिवर्तन गर्ने अपेक्षा गरिएको हुन्छ । स्थानीय विकास योजना भनेको स्थानीय तहमा सञ्चालन गरिने योजना हो । यसले स्थानीय जनताको सहभागितामा, स्थानीय स्रोत र साधनहरूलाई प्रभावकारी ढंगमा परिचालन गर्दै जनताको जीवनस्तर सुधार्ने उद्देश्य लिएको हुन्छ ।

यसप्रकार स्थानीय विकास योजना भनेको दुर्गम ग्रामीण संरचना भएको क्षेत्रको विकास गर्ने योजना हो । ग्रामीण जनताहरूमा सदियौंदेखि प्रचलनमा रहेको परम्परागत ज्ञान छ । उनीहरू गरीब, पिछडिएका, अशिक्षित एवम् कसैबाट दबिएका छन् तर विवेकहीन भने छैनन् । यस्तो अवस्थामा यदि उनीहरूलाई सहयोग र अवसर प्रदान गरिएमा उनीहरू आफ्नो भाग्य आफै निर्माण गर्न सक्छन् भन्ने मनसायस्वरुप तयार पारिएको योजनालाई स्थानीय विकास योजना भनिन्छ ।

